का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २३७
- २५ असोज २०७८, सोमबार
- 11 October 2021, Monday

www.madhyanhadaily.com

पृष्ठ १६ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

## चर्को आलोचनापछि राजीनामा

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको कोटाबाट उद्योग मन्त्रीमा नियुक्त गजेन्द्रबहादुर हमालले पदबाट राजीनामा दिएका छन् । संविधानवादमाथि हमला हुनेगरी 'कोटा' लिएको भन्दै हमालको नियुक्तिप्रति चर्को विरोध भएको थियो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ असोज ।



मन्त्रिपरिषद् बिस्तारमा उद्योग मन्त्री नियुक्त भएका गजेन्द्रबहादुर हमालले ४० घण्टाभित्रै राजीनामा दिएका छन् । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको कोटाबाट हमाल मन्त्री नियुक्त भएका थिए । तर चर्को आलोचना भएपछि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री पदबाट हमालले राजीनामा दिए । सञ्चार माध्यममार्फत् राजीनामा घोषणा गरेका थिए ।

राजीनामा घोषणापछि मात्रै राजीनामापत्र बुझाएका थिए । स्रोतका अनुसार, राजीनामा रोकिने संभावना देखेपछि पहिले सञ्चार माध्यममार्फत् घोषणा गरिएको थियो । उनको राजीनामा आइतबार स्वीकृत समेत भएको छ ।

सरकार गठन भएको ८८ दिनपछि शुक्रबार प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रिपरिषद्लाई पूर्णता दिएका थिए । प्रधानमन्त्री देउवाले शुक्रबार दुई राज्य सहित १८ मन्त्री नियुक्त गरेका थिए । प्रधानमन्त्री देउवाले सत्ता साझेदार दलहरु नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा) बीच मन्त्रालय भागबण्डा गर्ने क्रममा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई पनि कोटा छुट्याएका थिए । प्रन्या जबराले दुई मन्त्रालय मागेपनि प्रधानमन्त्री देउवाले उद्योग मन्त्रालय मात्रै दिएका थिए ।

तर प्रन्या जबराको नातेदार समेत रहेका हमालले दिएको राजीनामा स्वीकृत भएको छ । हमालको नियुक्ति प्रति चर्को विरोध भएपछि अन्ततः तीन दिन नबित्दै राजीनामा दिएका हुन् । विशेषगरी विभिन्न सञ्चार माध्यम र कानुनविद्ले हमालको नियुक्तिले संविधानवाद माथि हमला गरेको टिप्पणी गरेका थिए । तर हमालले भने लामो समयदेखि नेपाली काँग्रेसमा आवद्ध रहेकाले काँग्रेसकै कोटाबाट मन्त्री बनेको तर्क गरेका थिए ।

तर सत्ता साझेदार दलहरु र काँग्रेसभित्रै मन्त्रीका आकांक्षी ठूलो संख्या हुँदाहुँदै प्रधानमन्त्री देउवाले गैरसांसद हमाललाई मन्त्री नियुक्ति गरेका थिए । गैरसांसदलाई मन्त्री बनाइए ६ महिनाभित्र मन्त्री बनिसक्नुपर्ने बाध्यता छ । तर यो व्यवस्था पनि मन्त्रीका लागि आवश्यक देखिएका व्यक्तिका निम्ति राखिएको जानकारहरु बताउँछन् । प्रधानमन्त्री देउवाले भने अघिल्ला प्रधानमन्त्री केपी शर्मा ओलीकै सिको गर्दै गैरसांसदलाई हमाललाई मन्त्री नियुक्त गरेका थिए ।

ओलीले गएको ५ पुसमा प्रतिनिधिसभा विघटन गरेपछि गैरसांसदहरुलाई मन्त्री नियुक्त गरेका थिए । त्यसबेला मणि थापालाई खानेपानी र दावा लामालाई खेलकुद मन्त्री नियुक्त गरेका थिए । थापा र लामा प्रतिनिधिसभा सदस्य थिएनन् । यसपछि पनि गैरसांसदलाई मन्त्री बनाउन ओलीले रोकेनन् । सर्वोच्च अदालतले गैरसांसदलाई मन्त्री बनाउन नपाइने भन्दै पदमुक्त गरेको थियो ।

तर सर्वोच्चकै प्रन्या जबराले भने गैरसांसदलाई आफ्नो कोटाबाट मन्त्री सिफारिस बाँकी पृष्ठ २ मा

## प्रहरीको गोलीबाट तीन जनाको मृत्यु



**प्रदीप ज्ञवाली/मध्यान्ह**
बुटवल, २४ असोज

रुपन्देहीको मोतिपुर आद्योगिक क्षेत्रमा सुकुम्बासी समूह र प्रहरी बीच झडप हुँदा तीन जनाको मृत्यु भएको छ । झडपका क्रममा प्रहरीको गोली लागेर तीन जनाको मृत्यु भएको हो । बुटवल वडानम्बर १७ र १८ मा पर्ने मोतिपुर औद्योगिक क्षेत्रको जग्गा कब्जा बगरेर बसेकाहरुलाई हटाउने क्रममा प्रहरीसँग झडप भएको थियो ।

झडपका क्रममा गोली लागी घाइते भएकाहरुलाई युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज भैरहवामा भर्ना गरिएको थियो । अस्पताल स्रोतले तीन जनाको मृत्यु भएको पुष्टि गरेको छ । तर मृतकहरुको आइतबार साँझसम्म पहिचान खुलिसकेको थिएन ।

गृह प्रशासनका अनुसार, झडपमा थप १३ जना घाइते भएका छन् । बुटवल मोतिपुरको झडपमा परेर ८ जना सर्वसाधरण र ५ जना सशस्त्र प्रहरी घाइते भएको गृह प्रशासनले जनाएको छ । झडप नियन्त्रणमा लिन प्रशासनले कफ्र्यू लगाएको छ । स्थानीय प्रशासनले आइतबार ४ बजेदेखि कफ्र्यू लगाएको छ । पूर्वमा तिनाउ नदी, पश्चिममा हरिहरपुरको खेती योग्य जमिन, उत्तरमा शिवनगर रानीगञ्ज वस्ती र दक्षिणमा बुटवल उपमहानगरपालिका-१८ औद्योगिक करिडोरसम्म कफ्र्यू लगाएको प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले बताए ।

यसअघि तत्कालीन अर्थमन्त्री बिष्णुप्रसाद पौडेलले सुकुम्बासी क्षेत्र भत्काएर औद्योगिक क्षेत्रको शिलान्याश गरेपछि स्थानीयले ढुंगामुढा गरेका थिए । सुकुम्बासी ढुंगामुढामा उत्रिएपछि पौडेल उपस्थित भएर गरिने भनिएको कार्यक्रम समेत बिथोलिएको थियो । फेरि औद्योगिक क्षेत्रका स्थानीयलाई बाँकी पृष्ठ २ मा

## चाडपर्वपछि चुनाव !

दशैं, तिहार, छठ जस्ता ठूला चाडपर्वमा होमिएको मुलुक यसपछि भने चुनावमा केन्द्रीत हुने देखिन्छ । पार्टी महाधिवेशनमा होमिएका प्रमुख दलका नेताहरुले त्यसलगत्तै स्थानीय, प्रदेश र प्रतिनिधिसभा चुनावतिर केन्द्रीत संकेत दिएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ असोज ।

प्रमुख चाँडहरु दशैं, तिहार, छठ लगत्तै प्रमुख दलहरु चुनाव केन्द्रीत हुने तयारीमा जुटेका छन् । सत्तारुढ नेपाली काँग्रेस १४औं महाधिवेशनको प्रक्रियामा छ । गएको १८ भदौबाट वडा अधिवेशन थालेको काँग्रेसले पुस पहिलो साताभित्रै १४औं महाधिवेशन सक्ने तयारीमा छ । अर्थात् यसपटकको चाँडपर्व काँग्रेसले चुनावको रुपमा मनाउनेछ ।

त्यसअघि प्रतिनिधिसभाको प्रमुख दल नेकपा एमाले दशौं महाधिवेशन गर्दैछ । एमालेले आगामी मंसिर १०-१२ मा दशौं महाधिवेशन गर्दैछ । गएको १५-१७ असोजमा काँग्रेसले विधान महाधिवेशन गरिसकेको छ । विधान महाधिवेशनबाट नीति तथा कार्यक्रम पारित भएकाले अब नेतृत्व चयनमा केन्द्रीत हुने एमालेको तयारी छ ।

सत्ता साझेदार दलहरु नेकपा (माओवादी केन्द्र) र जनता समाजवादी पार्टी (जसपा) पनि राष्ट्रिय सम्मेलनमा जुटेको छ । यो आन्तरिक चुनाव पछि भने प्रमुख दलहरुले आमचुनावतिर बाँकी पृष्ठ २ मा

## कुवेतको सेटिङ नमिलेपछि महिलाहरू दुबईमै रोकिन थाले

**सुरेन भुजेल/मध्यान्ह**
यूएई, २४ असोज

वैदेशिक रोजगारीका लागि भन्दै कुवेत पुराउने योजनामा लगिएका दर्जनौं नेपाली युवती खाडी क्षेत्रको अर्को मुलुक यूएईमा रोकिएका छन् । मानव तस्करहरुले महिलालाई घरेलु कामदारको हैसियतले कुवेतमा रोजगारी दिलाउने प्रलोभनमा यूएई पुऱ्याएका हुन् । खासगरी कुवेत पठाउने भन्दै दुवई ल्याइएका महिलाहरु सेटिंग भत्किए पछि यहिं अलपत्र पर्न थालेका हुन् ।

खाडी मुलुकमा घरेलु काममा अत्यधिक शोषणा रहेको भन्दै संसदीय समितिको सिफारिसमा सरकारले २०७२ साल चैतदेखि प्रतिबन्ध लगाउँदै आएको छ । त्यसयता सरकारले घरेलु कामको वर्गमा जाने कामदारलाई श्रम स्वीकृति जारी गरेको छैन ।

तर, कुवेत लगायतका देशमा घरेलु कामदारको माग अत्यधिक बढेपछि मानव तस्करीमा सम्लग्न गिरोहले नेपाली महिला कामदारहरूलाई व्यक्तिगत श्रम स्वीकृति र भिजिट भिसामा अवैधानिक रूपमा तेस्रो मुलुक हुँदै यूएईका विभित्र शहरमा लैजाने गरेको बताइएको छ ।हाल यूएईमा थुप्रिएका महिलाहरलाई पनि भिजिट भिसा र तेस्रो मुलुकका विमानस्थल हुदै लगिएको बुझिएको छ ।

पछिल्ला दिनमा खाडीलगायतका मुलुकमा लगिएका महिलाको संख्या बढ्दै गएको यूएईमा कार्यरत नेपालीका संस्थाका प्रतिनिधिहरूले मध्याह्नलाई बताएका छन् ।

विगतमा मानव तस्करीमा संलग्न गिरोहले श्रीलंका हुँदै लैजाने गरेकोमा बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## देशभित्रै रोजगारी सिर्जना गर्न सरकार गम्भीर : मन्त्री श्रेष्ठ


**दमौली/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले देशभित्रै रोजगारीको अवसर सिर्जना गर्नेतर्फ सरकार गम्भीर रहेको बताएका छन् । शुक्लागण्डकी उद्योग वाणिज्य संघले आइतबार दशैंका अवसरमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले रोजगारी गुमाएकाको पुनःस्थापना अहिलेको चुनौती रहेकाले सबै क्षेत्रसँग समन्वय गरेर रोजगारीका अवसर सिर्जना गर्दै आत्मस्वाभिमानका साथ काम गर्ने वातावरण तयार पारिने बताए ।

कोभिड-१९ महामारीले उद्योग धरासायी भएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले भने, 'श्रमिकहरुले रोजगारी गुमाएका छन्, पछिल्लो तथ्याङ्क अनुसार १५ लाखले रोजगारी गुमाएका छन्, त्यसमध्ये पनि ५३ प्रतिशत अनौपचारिक क्षेत्रमा काम गर्नेछन् ।'

उनले रोजगारउन्मुख सीपमूलक एवं व्यावसायिक तालिम, नीति, ट्रेड युनियनसम्बन्धी एकीकृत कानून र नियमन, बालश्रम निवारणसम्बन्धी नीति तथा कानून निर्माणका लागि ठोस योजना बनाइने बताए ।

कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य आशा कोइरालाले उद्योगमैत्री नीति निर्माणका लागि सरकार प्रतिबद्ध रहेको जनाए । उद्योग वाणिज्य संघका अध्यक्ष हरिकुमार श्रेष्ठले कोरोना महामारीका कारण उद्योग क्षेत्र धरासायी भएकाले सरकारले उद्योग क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताए ।



## थुनुवा मृत्यु प्रकरण

# सुनसरीमा प्रहरी र स्थानीयबीच झडप, प्रहरीसहित एक दर्जन घाइते

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २४ असोज

जिल्ला प्रहरी कार्यालय सुनसरीको हिरासत कक्षमा रहेका एक थुनुवा मृत अवस्थामा फेला परेपछि आइतबार दिनभरी सुनसरीको इनरूवा तनाव ग्रस्त बनेको छ। थुनुवाका आफन्तहरूले प्रहरीबाटै सुनियोजित ढंगले हत्या भएको आरोप लगाउदै इनरूवा बजारमा प्रदर्शन गरेका थिए । उनीहरूले जिल्ला प्रहरी कार्यालय परिसरमा तोडफोड समेत मचाएका छन ।

थुनुवाको मृत्यु पश्चात प्रहरी माथि खनिएका प्रदर्शनकारीहरूले पूर्वपश्चिम राजमार्गमा टायर बालेर बिरोध प्रदर्शन गर्नुका साथै मुख्य राजमार्गसमेत अवरुद्ध बनाएका थिए । उनीहरूले पीडित पक्षलाई क्षतिपूर्ती दिनुपर्ने, घटनाको सत्य तथ्य छानविन गरी दोषी उपर कडा भन्दा कडा कारबाही नभएसम्म मृतकको शव नबुझ्ने अडान लिएका छन् । प्रदर्शनकारीलाई सम्झाउने प्रयास गर्दा उल्टै प्रहरीमाथी जाइलागेपछि दुवै पक्षबीच झडप भएको थियो । झडपमा ५ प्रहरीसहित एक दर्जन बढी घाइते भएका छन् ।

प्रदर्शनकारीहरूले प्रहरी कार्यालय भित्रै ढुंगामुढा बर्साउन थालेपछि भिडलाई सान्त पार्न आधा दर्जन अश्रु ग्यास प्रहार गरेको थियो । प्रदर्शनकारीको ढुंगा मुढाबाट प्रहरी कार्यालयको भौतिक संरचनामा क्षति पुगेको



जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

केहि दिन अघि अभद्र व्यवहार मुद्धामा प्रहरीले भोक्राहा ५ का मोहम्मद किमसाहलाई पक्राउ गरी अनुसन्धानको क्रममा हिरासत कक्षमा राखेको थियो । पीडित पक्षका अनुसार केटा र केटि दुवै मिलेर भागि विवाह गरेका थिए । केटि पक्षले छुटाएर लगेपछि केटामाथि झुटो अभियोग लगाइ थुनामा पठाउनु र थुनुवा कक्षमै मृत भेटिनु प्रहरीबाटै षड्यन्त्र भएको पीडित पक्षको आरोप छ ।

यता यसविषयमा जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी उपरीक्षक सञ्जय सिंह थापाले थुनुवा कक्षमा मृत फेला परेका मोहम्मदले आत्महत्या गरेको सीसी टिभिमा प्रष्ट देखिएकोले प्रहरी माथी झुटो लाल्छना लगाउन नहुने स्पष्ट पारे ।

घटनाबारे प्रहरीलाई पनि दुःख लागेको बताउँदै प्रहरी प्रमुख एसपी थापाले अनुसन्धान पछि थप कुराहरू बताउँने भन्दै पन्छिए । यता प्रदर्शनकारी र बजारको स्थितिलाई मध्यनजर गर्दै जिल्ला प्रहरी कार्यालय सुनसरी र इनरूवा बजार परिषरमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ ।

# थाङ्कामा लुकाएर चरेश हङकङ लैजान खोज्ने गिरोह पक्राउ

**काठमाडौं/मस-** नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरोले थाङ्का र नेपाल हस्तकलाका सामग्रीमा लुकाईछिपाई हङकङ लैजाने तयारी गरिरहेको अवस्थामा सात किलो ९७७ ग्राम चरेस बरामद गरेको छ। ब्यूरोद्वारा आइतबार आयोजित पत्रकार सम्मेलनमा लागू औषध चरेस ओसारपसारमा संलग्न भएको अभियोगमा पक्राउ परेका सात अभियुक्तलाई सार्वजनिक गरेको छ ।



ब्यूरो र महानगरीय प्रहरी परिसर ललितपुरबाट खटिएका टोलीले ललितपुरको मानभवनस्थित ब्लुस्टार कार्गोबाट हङकङ पठाउन लागेको अवस्थमा नौ थान थाङ्का र सोमा प्रयोग हुने काठको डण्डीभित्र लुकाई राखेको तीन किलो ५० ग्राम चरेससहित मोरङ उर्लाबारी-८ का अन्जित थापालाई पक्राउ गरेको ब्यूरो प्रमुख हृदयेश थापाले जानकारी दिए ।

लागूऔषध कारोबारी अन्जितलाई उक्त सामान दिने सिन्धुपाल्चोक सुनकोशी-५ का सुजन श्रेष्ठलाई पनि प्रहरीले पक्राउ गरेको छ । उनीहरुको साथबाट प्रहरीले एक लाख नगदसमेत बरामद गरेको छ ।

अनुसन्धानकै सिलसिलामा प्रहरीले काठमाडौं महानगरपालिका-१४ बाट सुजन श्रेष्ठलाई चरेश दिने सिन्धुपाल्चोक लिसखु-५ का सागर भन्ने जालिन्द्र श्रेष्ठको डेराबाट थाङ्कामा प्रयोग हुने काठका ९६ थान लिस्टीभित्र लुकाईछिपाई राखेको दुई किलो ४० ग्राम चरेस फेला पारेको थियो ।

पर्सा सखुवापर्सोनी-१ घर भई काठमाडौं बौद्ध नयाँबस्तीमा सिलाईबुनाई काम गर्ने दिनदयाल महतो र दीपेन्द्र महतोलाई पनि थाङ्कामा प्रयोग हुने ११३ थान लिस्टी र दुई किलो ८७५ ग्राम चरेससहित पक्राउ गर्न ब्यूरो सफल भएको छ । प्रहरीले मकवानपुर-११ का रवि मोक्तानको कलंकीस्थित डेराबाट नौ ग्राम ५०० मिलिग्राम चरेस बरामद थियो । उक्त कारोबारमा संलग्न धाादिङ थोक्रे-३ का मोतीलाल तामाङ पनि दुई ग्राम ५०० मिलिग्राम चरेसहित पक्राउ परेका हुन् । निजले धादिङलगायतका स्थानबाट चरेस संकलन गरी कारोबारीलाई उपलब्ध गराउने गरेको ब्यूरोका प्रहरी नायब उपरीक्षक फणिन्द्र प्रसाईंले जानकारी दिए ।

### चर्को...

गरेका थिए । कार्यकारी निकायमा प्रन्याले कोटा माग्दा न्यायलयप्रतिको विश्वास नजोगिने मात्रै नभएर संविधानवादमाथि समेत हमाल भएको टिप्पणी भएको थियो । तर राजीनामा पछिपनि हमालले लोकतन्त्र, विधिको शासन तथा राज्यका निकायबीच शक्ति पृथकीकरणको सिद्धान्तका लागि आफू समेत लडेपनि त्यसको अवमूल्यन भएको उल्लेखगरेका छन् ।

### प्रहरीको....

जग्गाबाट हटाउन खोज्दा झपडको परिस्थिति बनेको थियो । प्रशासनले तीनदिन देखिरातको समयमा टहर भत्काउन थालेको थियो । तर प्रतिकारमा उत्रिएका स्थानीय हिमाल रानालाई प्रहरीले नियन्त्रणमा लिएपछि झडपको अवस्था आएको थियो ।

### चाडपर्वपछि....

होमिने संकेत दिन थालेका छन् । आगामी वैशाखमा स्थानीय तहको चुनाव भएको पाँच वर्ष पूरा हुन्छ । अघिल्लो सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले फागुनमै स्थानीय चुनाव हुने बताएका थिए । तर वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले भने मुख खोलेका छैनन् ।

तर अन्य नेताहरुले भने अब मुलुक चुनावतिर होमिने बताउन थालेका छन् । आइतबार नेपाली काँग्रेसका नेता प्रकाशमान सिंह र एमालेका महासचिव ईश्वर पोखरेलले आमचुनावमा केन्द्रीत हुनुपर्ने बताएका छन् । सिंहले पार्टीको १४औं महाधिवेशन सम्पन्न गरेर तत्काल निर्वाचनमा जानुपर्ने बताए ।

काठमाडौंमा आयोजित एक कार्यक्रममा सिंहले पार्टी महाधिवेशन लगत्तै निर्वाचनमा जानुपर्ने बताए । "सरकार गठनमा स्वतन्त्र न्यायपालिकालाई जोड्नु लोकतन्त्रका लागि गम्भीर कुरा हो", सिंहले भने । उनले कांग्रेसको कमजोरीले नेपालका कम्युनिष्ट सत्तामा पुग्ने अवसर पाएको बताए।

शनिबार नै आयोजित अर्को कार्यक्रममा एमाले महासचिव पोखरेलले मुलुकका पछिल्ला राजनीतिक घटनाक्रमले पनि पूर्ववर्ती केपी शर्मा ओली नेतृत्वको सरकारले गरेको ताजा जनादेशमा जाने निर्णयको औचित्य पुष्टि भएको बताए ।

पूर्व उपप्रधानमन्त्री पोखरेलले निर्वाचनअघि नेपाली कांग्रेस नेतृत्वको सरकारसँग कुनै सत्ता गठबन्धन नहुने पनि स्पष्ट पारे । संसद् विघटनलाई सर्वोच्च अदालतले पुनःस्थापनाको फैसला गरेका कारण एमाले प्रतिपक्षमा पुगेको र आउँदो निर्वाचनबाट पुनःजनादेश पाउने विश्वास व्यक्त गरे । एमाले विपक्षमा रहँदा पनि समृद्धिका लागि पहल जारी राख्ने र जनताका लागि आवाज उठाइरहने उल्लेख गर्दै अप्ठेरो स्थितिमा पार्टीलाई नयाँ ढंगले अघि बढाउन हालै सम्पन्न विधान महाधिवेशनले नीति तथा विधिका लागि म्याण्डेट दिएको र मङ्सिरमा हुने दशौँ राष्ट्रिय महासधिवेशले नयाँ नेतृत्व निर्वाचित गर्ने बताए । आफू दुई कार्यकाल महासचिव भइसकेकाले त्योभन्दा माथि जुनसुकै पदका लागि 'डिजर्भ' गर्ने भए पनि अहिले अध्यक्ष ओलीले नेतृत्व गरेको यात्रालाई सत्ता गठबन्धनले चुनौती दिन खोजेकाले परामर्शमा मात्रै उम्मेदवारी तय गर्ने बताए । -राससको सहयोगमा

### कुवेतको ...

पछिल्लोपटक भिजिट भिसामा सिधै या थाईल्याण्ड लगायतका देशहुदै यूएई पुराउने गरेको श्रोतको भनाइ छ ।

कोरोना भाइरस विरूद्धको खोप लगाउनेको संख्या बढी महामारीको संक्रमण नियन्त्रणमा आएपछि यूएईले नेपाल सहित विभिन्न देशका नागरिक माथि लगाएको यात्रा प्रतिवन्ध हटाएको छ । यात्रामा सहजता आएपछि नेपाली महिलालाई अवैधानिक रूपझलैजाने क्रममा तीव्रता आएको र त्यसमा नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका केही कर्मचारी, एयरलाइन्स र ट्राभल एजेन्सीका कर्मचारीले सेटिङ गरेर पठाउने गरेको बताइएको छ ।

पछिल्लो समय घरेलु कामदारको नाममा महिलासँगै पुरुष कामदारको पनि तस्करी भइरहेको श्रोतले बतायो । खाडीका कुवेत र साउदी अरबमा घरेलु कामदारको माग उच्च रहेको छ । कुवेतका ८७ प्रतिशत घरमा विदेशी घरेलु कामदारको उपस्थिति देखिएको छ ।

स्थानीय समाचार पत्रहरूका अनुसार कुवेतमा मात्र ७ लाख ३२ हजार विदेशी नागरिक घरेलु कामदारको रोजगारीमा छन् । साउदीमा त्यसभन्दा बढीको माग रहेको छ । तर कोरोना महामारीको कारणले विदेशबाट कामदारको आपूर्तिमा अवरोध सिर्जना भएको छ ।

दलाल तथा मानव तस्करीमा सम्लग्न गिरोहले नेपाली महिला र किशोरीलाई यूएईमा ल्याएर यहा' बाट कुवेत, किर्गिस्तान, इराक, ओमान लगायतका देशमा पठाएको प्रहरीले बताउदै आएको छ ।

मानव बेचबिखन मुद्दामा पक्राउ परेका अभियुक्तहरूले बयानका क्रममा यूएईमा पुऱ्याएपछि कुवेत लगायतका देशमा उनीहरूको फोटो पठाउने र आकर्षक जिउढाल भएका महिलाहरूको लागि दश लाख रूपैयाँसम्म खर्च गर्ने गरेको बताइएको छ ।


हार्दिक शुभकामना

नेपालीहरुको महान पर्व बडा दशैं, शुभ दीपावली तथा छठ २०७८ को सुखद् उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजु थापा
उपाध्यक्ष एवम् समाजसेवी
सामुदायिक सर्पदंश उपचार केन्द्र इटहरी
एवं परिवार

हार्दिक शुभकामना

नेपालीहरुको महान पर्व बडा दशैं, शुभ दीपावली तथा छठ २०७८ को सुखद् उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शैलेन्द्र श्रेष्ठ
वडाध्यक्ष एवम् युवा समाजसेवि
सुन्दरहरैंचा नगरपालिका वडा नं ४
एवं परिवार


हार्दिक शुभकामना

नेपालीहरुको महान पर्व बडा दशैं, शुभ दीपावली तथा छठ २०७८ को सुखद् उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उमानाथ दाहाल (उमेस)
अध्यक्ष
होटल तथा लज व्यवसायी समिति

हार्दिक शुभकामना

नेपालीहरुको महान पर्व बडा दशैं, शुभ दीपावली तथा छठ २०७८ को सुखद् उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



भिम पौडेल
समाजसेवी तथा अध्यक्ष
उद्योग वाणिज्य संघ इटहरी
एवं परिवार


## चैनपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

**चैनपुर, संखुवासभा**
**प्रदेश नं. १, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति :२०७८।६।२५**

यस नगरपालिकाद्वारा आ.व. २०७८/०७९ मा सञ्चालन गर्नुपर्ने तपशील बमोजिमको निर्माण कार्यका लागि प्रथम पटक मिति २०७८/०५/०९ र २०७८/०५/१४ गते मध्यान्ह राष्ट्रिय दैनिक मार्फत् बोलपत्रहरु आह्वान गरिए बमोजिम निर्धारित समयावधिभित्र रितपूर्वक दर्ता भएका बोलपत्रदाताहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुले रितपूर्वकको कागजात प्रमाण पेश गरेको हुँदा निजको कवोल अंक निम्नतम मूल्याङ्कित सारभूत रुपमा प्रभावकारी देखिएको हुँदा सार्वजनिक खरीद ऐन-२०६३ को दफा २७ को उपदफा २ र सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९४ को ९(क) बमोजिम प्रयोजनार्थ सवै बोलपत्रदाताहरुको जानकारीको लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | आयोजकको नाम | बोलपत्र दाताको नाम | कबोल अंक (मु.अ.कर र कन्टिन्जेन्सीबाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | CM/NCB/W/01/078-079 | चैनपुर सिरानदेखि सिद्धकाली जाने सडक | एस एण्ड एस भोजपुरे कन्स्ट्रक्सन प्रा.लि, चैनपुर-६ | १०६०६७६०.५०/- | |
| २. | CM/NCB/W/02/078-079 | खरांग हात्तिसुढे हुदै पिलुवादो भान जोड्ने सडक स्तर वृद्धि | काका निर्माण सेवा, चैनपुर–६ | ९३,०२४५४.८५/– | |

**प्रमुख प्रशासकीय अधिकृत**

## मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

मुसिकोट, रुकुम(पश्चिम)
कर्णाली प्रदेश, नेपाल
मिति : २०७८/०६/२५

### वोलपत्र स्विकृत गर्ने आशयको सुचना

उपरोक्त सम्वन्धमा धनमाया प्रतिष्ठान भवन निर्माण सम्वन्धि मिति २०७८/०५/१७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना वमोजिम सूचनाको म्याद भित्र ई विडिङ मार्फत दाखिला हुन आएका वोलपत्रहरूको मुल्यांकन हुंदा तपसिल वमोजिमको वोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) वमोजिम न्युन मुल्यांकित सारभुत रूपमा प्रभावग्राही भई मिति २०७८/०६/२४ गतेको निर्णय अनुसार स्विकृतिका लागि छनौट भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको विवरण | संख्या | वोलपत्रदाता | वोल कवोल रकम (मू.अ. कर वाहेक) | ल.ई. भन्दा |
|---|---|---|---|---|---|
| 1 | Construction of Dhanmaya Pratisthan Building | NCB/MM/Buid. 01_078/079 | M/S A.D.B. Construction and Suppliers Pvt.Ltd., Musikot 01, Salle | 72,86,455.80 | 25.83 % Less |



## दशैंमा कला

दशैंका निम्ति महोत्तरीका कालीगढले तयार पारेको नवदुर्गाको प्रतिमा ।

*तस्वीरः सन्जीत मण्डल, रासस*

# दशैंको चटारो, पैसाको सास्ती

**दिपेन्द्र श्रेष्ठ, मध्यान्ह**
भक्तपुर, २४ असोज

नेपालीहरुको महान पर्व दशैं भित्रिसकेको छ । सरकारले वृद्धवृद्धा नागरिकहरुलाई दिने गरेको वृद्धभत्ता लिन वृद्धावृद्धाहरुलाई सकस भएको छ । भक्तपुर कमलबिनायकस्थित ग्लोबल आईएमई बैंकमा वृद्धभत्ता लिन

लाइनमा बसेका वृद्धवृद्धाहरु पहिले सरकारले जनप्रतिनिधिमार्फत स्थानीय वडा प्रतिनिधिहरुको रोहवरमा वितरण गर्दै आइरहेको थियो । त्यतिखेर स्थानीय वृद्धवृद्धाहरुले सहज रुपमा वृद्धभत्ता पाइरहेको थियो । हाल केहि वर्ष यता स्थानीय सरकारले बैंकमार्फत वितरण गर्न थालेको छ । बैंकबाट वितरण गर्दा वितरण प्रणाली झन्झट रहेको स्थानीय ८२ वर्षीय वृद्ध राजेन्द्र कोजु बताउँछन् ।



स्थानीय हरिमाया नकर्मी छोराहरुले नहेरेपछि छोरी सिताको घर बालाजु बस्दै आएकी छिन् । उनी त्यहाँ बस्न थालेको ४ वर्ष भयो । उनलाई बैंक भन्दा स्थानीय वडा जनप्रतिनिधिमार्फत भत्ता लिन सहज लाग्ने बताउँछिन् । उनी आइतबार छोरीपट्टीको नातीलाई लिएर सबेरै वृद्धाभत्ता दिन निस्किइन् । ७ बजे बैंकमै आइपुगिन् । तर बैंक १० नबजी नखुल्ने भएकोले उनी बैंकको गेटमै कुरिरहिन् । चिसो भुँइमा बसेर, उनी प्रेसरको रोगी रहेछिन् । उनी जस्तै धेरै छन् बिहानै देखि कुरिरहेका तर पालो कहिले आउने हो थाहापत्तो छैन् । ७३ वर्षका इन्द्रबहादुर व्यान्जु खुट्टाका बिरामी रहेछन् । उनी पनि बिहानै देखि लाइनमा बसेर कुरिरहेका रहेछन् । बैंकले सय वटा टोकन भन्दा नबाँड्ने भनेपछि उनी खिन्न बने । उनी सय जना भन्दा पछिको लाइनमा रहेछन् ।

७० वर्षीय रत्न केशरी बोयजु पनि लाइनमै रहेछिन् । उनीसहित लाइनमा जम्मा १ सय १८ पुगिन् । १८ जनाको पालो सोमबारको दिन आउने भए त्यतिखेर स्तम्भकारले बैंकका कर्मचारीसँग अनुनय विनय गरे । १८ वटा टोकन थप गरी केहि सहज बनाइदिए । जेष्ठ नागरिकलाई प्राथमिकताका साथ सहज रुपमा बैंकबाट भत्ता वितरण गर्नुपर्ने हो । तर बैंकले पनि वृद्धवृद्धाहरुलाई टोकन प्रणालीमार्फत सिमित टोकन दिएर भत्ता वितरण गरिरहेको छ । यसरी सिमित टोकन प्रणालीले वृद्धवृद्धाहरुलाई झन् असहज बनाइदिएको छ । राज्यले जेष्ठ नागरिकहरुलाई वृद्धभत्ता वितरणको लागि कसरी सहज हुन्छ त्यसरी वितरण प्रणाली सहज बनाउन आवश्यक देखिन्छ ।

# एक लाख बढी यात्रु काठमाडौंबाट बाहिरिए

**काठमाडौं/मस**-बडादशैं नजिकिएसँगै उपत्यका छाड्ने यात्रुको संख्या बढ्न थालेको छ । यही असोज १ देखि सात गतेसम्म भित्रिने र बाहिरिने यात्रु बराबर थिए । अहिले भने बाहिरिने यात्रु बढिरहेको महानगरीय ट्राफिक प्रहरी महाशाखाले जनाएको छ । काठमाडौं भित्रिने र बाहिरिने यात्रुको संख्या विष्लेषण गर्दा अहिलेसम्म औपचारिकरुपमा एक लाख बढी यात्रु काठमाडौंबाट बाहिरिएका छन् । प्रहरीलेको अभिलेखभन्दा बाहिरबाट समेत यात्रु बाहिरिएका छन् ।

महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जनक भट्टराईले विस्तारै यात्रु बाहिरिनेक्रम बढिरहेका र दसैं बिदा सुरु भएपछि भने यो सङ्ख्या अझै बढ्ने बताए । महाशाखाका प्रमुख भट्टराईले यात्रुको सहजताका लागि हामीले चुस्त ट्राफिक व्यवस्थापन मिलाएको बताए । यही असोज १६ गतेसम्म यात्रु हाराहारीमा भित्रिने र बाहिरिने गरेका थिए । प्राप्त विवरणअनुसार १६ गते भित्रिने संख्या ४२ हजार २२६ थियो भने बाहिरिने संख्या ४१ हजार ४८४ थियो । त्यसपछि भने बाहिरिने यात्रुको चाप बढेको हो । असोज १६ गते भित्रिने ३८ हजार ७४९ रहेकामा बाहिरिने यात्रु बढेर ४३ हजार ४३९ पुगेका थिए । त्यसपछि क्रमशः बाहिरिने यात्रु बढ्न थालेका हुन् ।

यही असोज २१ गते सात हजार २८० सवारी साधनमा ३४ हजार १४६ यात्रु भित्रिएकामा सोही दिन सात हजार ८१४ सवारी साधनमा ४५ हजार ३६२ यात्रु बाहिरिए । महाशाखाले दिएको तथ्यांकअनुसार असोज २२ गते शुक्रबार छ हजार ७७८ सवारीमा ३२ हजार ९८४ यात्रु भित्रिएका थिए । सोही दिन सात हजार ३१५ सवारीमा झण्डै ५२ हजार यात्रु बाहिरिएका छ । त्यसपछि बाहिरिनेक्रम झन् बढिरहेको महाशाखाले जनाएको छ।

असोज १ देखि २२ सम्ममा कूल एक लाख ४२ हजार २२७ सवारी साधनमा सात लाख ७६ हजार ३७१ यात्रु भित्रिएका तथ्याङ्क छ । सोही अवधिमा कूल एक लाख ४३ हजार ७७३ सवारी साधनमा आठ लाख ७० हजार ४९६ यात्रु बाहिरिएका महाशाखाले जनाएको छ ।


हार्दिक शुभकामना,

नेपालीहरुको महान पर्व बडा दशैं, शुभ दीपावली तथा छठ २०७८ को सुखद् उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दिर्घायु एवं उतरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



द्वारिकालाल चौधरी
नगर प्रमुख
इटहरी उपमहानगरपालिका
एवं परिवार

हार्दिक शुभकामना,

नेपालीहरुको महान पर्व बडा दशैं, शुभ दीपावली तथा छठ २०७८ को सुखद् उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दिर्घायु एवं उतरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



लक्ष्मी गौतम
उप प्रमुख
इटहरी उपमहानगरपालिका
एवं परिवार


**पाँचखाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०७८/०६/२५

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सूचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| बोलपत्र नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (VAT र PS बाहेक) |
|---|---|---|---|
| PMW2/RC/01/078/079 | TINKUNE - HANGETHATI ROAD UPGRADING | TEJ/MAHABIR JV, KAVRE | 1,66,57,407.50 |
| PMW10/RC/01/078/079 | BAKULTAR - ADHERIKHOLA ROAD UPGRADING | SOBARNA/BHAGAWATI JV, KAVRE | 1,64,08,200.55 |

प्रमुख प्रशासकीय अधिकृत

# सूचना नदिने क्याम्पस प्रमुखलाई १५ हजार जरिवाना

काठमाडौं/मस-राष्ट्रिय सूचना आयोगले सूचना नदिने पद्मकन्या क्याम्पस, बागबजारका प्रधानाध्यापक धनप्रसाद पण्डितलाई रु १५ हजार जरिवानाको फैसला गरेको छ । सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-१० घर भइ हाल काठमाडौं कपन बस्ने आदित्य दाहालले गरेको पुनरावेदनमा सूचना आयोगले उक्त फैसला गरेको हो । दाहालले पद्मकन्या क्याम्पससँग २०७३/७४ देखि २०७५/७६ सम्मको आन्तरिक र महालेखा लेखापरीक्षकको अन्तिम लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी माग गरेका थिए ।

दाहालले उक्त क्याम्पसमा सूचना अधिकारी तोकिएको छ/छैन भने जानकारी माग्दै सूचना अधकारी तोकिएको भए नियुक्ति गर्ने निर्णयका साथै नियुक्ति पत्रको प्रमाणित प्रतिलिपीसमेत माग गरेका थिए । सूचनाको हकसम्बन्धी ऐन २०६४, अनुसार उक्त क्याम्पससँग माग गरेको सूचना नपाएपछि सूचना मागकर्ता दाहालले कानुनअनुसार राष्ट्रिय सूचना आयोगमा २०७७ पुस २३ गते सूचना नदिने प्रमुख र सूचना अधिकारीलाई विपक्षी बनाई पुनरावेदन दर्ता गरेका हुन् ।



पुनरावेदन दर्तापछि सूचना उपलब्ध गराउनु भन्दै आयोगबाट पटक-पटक भएको आदेशको पालना नगरी सूचना उपलब्ध नगराएकाले संविधान प्रदत्त नागरिक अधिकार र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लंघन गरेको भन्दै आयोगले १५ हजार जरिवाना हुने ठहर गरेको हो ।

सूचना आयोगले कार्यालय प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम अक्षरेपी १५ हजार जरिवाना हुने र सूचना उपलब्ध गराउनुपर्ने फैसला गरेको आयोगका आयोगका सूचना अधिकारी विश्वबन्धु पोखरेलले बताए ।

पुनरावेदकले मागेको सूचनासमेत उपलब्ध नगराएको, आयोगबाट भएका आदेश र पत्राचारको समेत पटक-पटक उल्लंघन गरेको साथै, गैरजिम्मेवार चरित्र प्रदर्शन गरेकाले संविधान प्रदत्त नागरिकको मौलिक हकको प्रचलनका लागि दण्डित गर्नुपर्ने देखिएको आयोगको निर्णयमा उल्लेख छ ।


**साउदीमा रोजगारको अवसर** | १. कम्पनी : ARABIAN FAL COMPANY
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०४/३१ चलानी नं.: ६०१६१४५० L.T. No.: 243798 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Installation Worker | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 25 | 0 | | 1000 | ३१,७१० | | | | | | | |
| 3. | Truck Driver | 15 | 0 | | 1800 | ५७,०७८ | | | | | | | |

२. कम्पनी : ARABIAN FAL COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०४/३१ चलानी नं.: ६०१६२१७६ L.T. No.: 243799 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 25 | 0 | स. काममा दक्ष | 1000 | ३१,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १ र २ गते (18 & 19 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
बसुन्धारा-०३ काठमाडौं, फोनः ४३६१११, ४३६६३१८ Fax: 436474
Email : motherlandovs@gmail.com, info@motherlandovs.com

**कतारमा रोजगार** 1. CONFIDENT ENTERPRISES WLL, DOHA
पुर्व स्विकृति मितिः २०७८।६।२४ चलानी नं. ६०१६५१६० LT No. 247528

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 10 | काममा दक्ष | 2500 | 82400 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | ० |
| 2 | Driver | 10 | | 1700 | 56032 | | | | | | | | |

2. A2Z TRADING AND CONTRACTING, DOHA
पुर्व स्विकृति मितिः २०७८।६।२४ चलानी नं. ६०१६५१६१ LT No. 247529

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 15 | काममा दक्ष | 1000 | 32960 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | ० |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०७८ कात्तिक ३ गते (20 October 2021) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनूहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**मनकामना फरेन इम्प्लोइमेन्ट कं. प्रा. लि.**
सीतापाइला, काठमाडौं, श्रम इजाजत नं.: ७५३/०६४/६५
फोन न. ४०३४६७७, ९८५११२५२७५ Email:manakamanamfec@gmail.com

**साउदी र कतारमा रोजगार** | १. कम्पनी : RAM AL-AFDAL CONTRACTING COMPANY IS A ONE PERSON COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०६/२४ चलानी नं.: ६०१६५२०५ L.T. No.: 248169

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NORMAL FACTOR | 30 | 0 | स. काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MARWA INERNATIONAL PURE MINERAL DRINKING WATER CO शहर : QATAR
पूर्व स्वीकृत मितिः २०७८/०६/२४ चलानी नं.: ६०१६५२१७ L.T. No.: 248249

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Storekeeper | 1 | 0 | | 2000 | ६५,४२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १ गते (18 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mac International Manpower Pvt. Ltd.**
श्रम इजाजत नं. १०७७/०७३/०७४
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal
Tel-: +977-1- 4489970, 4489920. Mobile: 9813591490
Email: macintlmanpower@gmail.com Website : www.macintlmanpower.com

## सम्पादकीय

### नमेटिने दाग

चर्को दबाव पछि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री पदबाट गजेन्द्र हमालले राजीनामा दिएका छन् । आइतबार सञ्चार माध्यम मार्फत् राजीनामा घोषणा गरेका थिए । स्रोतका अनुसार, सार्वजनिक घोषणा नगरेको भए उनको राजीनामा हुने थिएन । किनकि हमाल प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको कोटाबाट मन्त्री नियुक्त भएका थिए । हमाल मन्त्री बन्नुअगाडि नै प्रधानन्यायाधीशले कोटा मागेको सूचना सार्वजनिक भएको थियो । प्रन्या जबराले दुई वटा मन्त्रालय मागेका भएपनि प्रधानमन्त्री शेरबहादुर देउवा र सत्ता साझेदार दलका नेताहरू एउटा मात्रै मन्त्रालय दिन तयार भए । प्रन्या जबरा पनि एउटा मात्रै भएपनि मन्त्रालय लिन तयार भए । जबकी मन्त्रिपरिषद्मा प्रन्याले कोटा लिने भएपछि सार्वजनिक रूपमा चर्को आलोचना भएको थियो ।

तर प्रधानमन्त्री देउवा र प्रन्या जबरा रोकिएनन् । शुक्रबार भएको मन्त्रिपरिषद् बिस्तारमा प्रन्याको कोटाबाट हमाल मन्त्री नियुक्त भए । हमालका बचाउमा सत्ता साझेदार दलका नेताहरू खुलेरै उत्रिएका थिए । शनिबार मात्रै चितवन पुगेर नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले हमाल प्रन्याको कोटामा मन्त्री नियुक्त नभएको प्रष्टोक्ति दिएका थिए । जबकी काँग्रेसकै नेताहरूले भने हमाल प्रन्याकै कोटाबाट मन्त्री बनेको बताएका थिए । हुन पनि पाँच दलीय गठबन्धन बीच शक्ति सन्तुलन मिलाउन नसकिरहेका बेला गैरसांसद हमाल मन्त्री बनेका थिए । शनिबार मात्रै प्रधानमन्त्री देउवाले पनि काँग्रेसका प्रभावशाली नेताहरू नसमेटी हमाललाई मन्त्री बनाउनुलाई बाध्यता भनेका थिए ।

तर हमालले आफ्नो विवेक प्रयोग गरी राजीनामा दिए । राजीनामासँगै हमाल विवादबाट टाढिएका छन् । मन्त्रीको शपथ लिएलगत्तै आफू काँग्रेसकै नेता भएको जिकिर गरेका थिए । यदि उनी त्यही जिकिरमा कायमै रहिरहेका थिए भने उनी सधैं विवादित पात्र बनिरहन्थे । राजीनामा दिएसँगै थोरै भएपनि कोर्स करेक्सनमा बल पुगेको छ । तर प्रन्या जबरा र प्रम देउवालाई लागेको दाग भने मेटिने छैन । किनकि संविधान जोगाउने भनेर मुलुकमा जस्तो राजनीतिक घटनाक्रम विकसित हुँदै आएको थियो । त्यसको बर्खिलाप हुनेगरी प्रन्याको कोटाबाट हमाललाई मन्त्री नियुक्ति गरिएको थियो । यो नियुक्तिले न्यायालयको विश्वासनीयता माथि प्रश्न उठेको छ । अब न्यायालयको विश्वास दिलाउने दायित्व प्रन्या जबराको हो । किनकि प्रन्या जबराले निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि प्रन्या जबराले संवैधानिक नियुक्तिमा भागबण्डा लिएका थिए । त्यसविरूद्धको मुद्दा सर्वोच्चमै विचाराधीन छ भने हमालले जसरी नियुक्ति पाएकाहरूले राजीनामा गरेका छैनन् ।

## सामाजिक सञ्जाल



व्यापक विरोध पछि मन्त्री गजेन्द्र हमालले त राजीनामा दिए, अब निजलाई मन्त्री बनाउने प्रम देउवा, गठबन्धनका शीर्ष नेताहरू र प्रन्या चोलेन्द्र राणाले नैतिकता देखाउने आँट गर्नुहुन्छ कि गर्नुहुन्न ? निहित स्वार्थमा विधि, प्रणाली र नैतिकता मिच्नेहरूले नै देशलाई संकट तर्फ धकेल्दै आएका छन् ।

**- डा. भीम रावल**



दोषी गजेन्द्र हमाल होइनन्, प्रधानमन्त्री देउवा र प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर राणा हुन् । सत्ता गठबन्धनका शीर्ष नेताहरू हुन् । जसले लोकतन्त्रको सीमा नाघेर संविधानवाद र लोकतन्त्रको हत्या गरे । लोकतन्त्रमाथि यति ठुलो मजाक गरे । लोकतन्त्रलाई 'लोकतन्त्रवादीहरू'बाटै खतरा छ ।

**- मिलन पाण्डे**



अब त अदालतलाई पनि भाग दिउँ । आफ्नो पक्षमा फैसला गरौं भन्ने विज्ञापन आउन मात्र बाँकी रह्यो, नत्र राजनीति होस कि भष्टचार/हत्या लुट जुनसुकै मुद्दाको फैसला हेर्दा पनि अदालतलाई भाग पुगे जस्तो देखिन्छ । जस्तै अरबौं खाने चुडामणि केही लाख बुझाएर छुटेका थिए, प्रधानन्यायाधीशले मन्त्रि पड्काए ।

**- दिपेन्द्र बिष्ट**



ओलि समाप्त भएकै छैनन्, सत्ताबाट झर्नु समाप्त हुनु होइन । नेपालमा अझै १०/२० वर्ष कांग्रेस र एमाले समाप्त हुँदैनन् । यो प्रणाली पनि धेरै टिक्न कांग्रेस एमालेले मिलेरै यसको विकल्पमा केही सुधारिएको प्रणाली ल्याउछन्  किनकी प्रणाली यहि रहे आफु नरहने बाध्यता छ ।

**- विद्रोही शालिग्राम**



बालबालिकाहरू आजकल बढी झर्किने, रिसाउने र चिढिने गरेको देखिन्छ, यो पछि कठिन स्वास्थ्य समस्याको रूपमा देखा पर्नसक्ने सम्भावना छ । यसको ठूलो कारण लामो समय मोबाइल प्रयोग हो । अझ टिभीले पनि यसमा भूमिका खेलेको हुनुपर्छ ! खै कसरी पो यो बानी छुटाउन सकिएला र ? असम्भव नहोला तर, कष्टसाध्य जरूर छ ।

**- बाबुलाल भण्डारी**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# राज्यको पुनर्संरचना र संविधान संशोधन

*राजनीतिक तथा प्रशासनिक क्षेत्रमा झाँगिदो कुशासनका श्रृंखलाहरु, जिम्मेवार व्यक्तिमा विकास हुँदै गएको अनैतिकताको भण्डार, नेतृत्वमा सहिष्णुताको अभाव, जुनसुकै नेतृत्वमा पेसागत विज्ञता र जवाफदेहिताको अभावले सार्वजनिक सेवामा प्रश्नहरु उठिरहेका छन् ।*



● ईश्वरीप्रसाद पोखरेल

राजनीतिक तथा प्रशासनिक क्षेत्रमा झाँगिदो कुशासनका श्रृंखलाहरु, जिम्मेवार व्यक्तिमा विकास हुँदै गएको अनैतिकताको भण्डार, नेतृत्वमा सहिष्णुताको अभाव, जुनसुकै नेतृत्वमा पेसागत विज्ञता र जवाफदेहिताको अभावले सार्वजनिक सेवामा प्रश्नहरु उठिरहेका छन् । ०७२ मा जारी संविधानअनुसार संघीय तहमा २५ जना र सात प्रदेशमा सांसद संख्याको २० प्रतिशतले ५५० जनाबाट ११० जना प्रदेश मन्त्री बन्न जाँदा १३५ जना मन्त्री हुने व्यवस्था छ । जुन व्यवस्था नै पुनरावलोकन आवश्यक छ । सांसद संख्या प्रतिनिधि सभा १९९ र राष्ट्रिय सभा ५९ सहित २५८ तथा प्रदेशमा ३९८ जनाको मात्र व्यवस्था गरिनु वैज्ञानिक हुन्छ । तसर्थ साँच्चै मुलुकलाई समृद्ध र विकास गर्न चाहेको हो भने तपसिलका पक्षमा संविधान तथा ऐनकानूनको परिमार्जन गर्न आवश्यक हुन्छ ।

### संघीय सरकारको गठन विधि

वडादेखि संघीय संसदसम्मका सबै जनप्रतिनिधि प्रत्यक्ष निर्वाचन प्रक्रियाका आधारमा चयन हुने र प्रधानमन्त्री कार्यकारी प्रमुख हुने पद्धति नै नेपालका लागि सर्वोत्तम विकल्प हुन सक्छ । संसदीय प्रणालीको यथावत निरन्तरता र मन्त्री चयन विधि अनुसरण गरि नै रहने हो भने प्रधानमन्त्रीले नै आफू खुशी मन्त्रीहरु छनोट गर्ने अहिलेको पद्धतिमाथि बृहत बहसको खाँचो देखिन्छ । प्रत्यक्ष निर्वाचित हुने प्रधानमन्त्रीले आफ्नै विवेक तथा छनोटमा गैरराजनीतिक स्वतन्त्र विज्ञहरुलाई मन्त्री मण्डलमा समावेश गर्ने पद्धति अपनाउनु धेरै प्रभावकारी हुनसक्छ । तर प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री नभई अहिलेकै संसदीय प्रणालीलाई निरन्तरता दिने हो भने पनि सांसदबाट प्रधानमन्त्रीले मन्त्री छनोट गर्ने पद्धतिमा अविलम्ब सुधार गरिनु पर्दछ । विज्ञहरुको समूह लिएर प्रधानमन्त्रीले पार्टीको निर्णयानुसार सरकार सञ्चालन गर्न दिनु उचित हुन्छ र आफूखुशी प्रधानमन्त्रीलाई चल्ने छुट पार्टी पद्धतिमा दिनु वैज्ञानिक छैन् ।

नेपालमा तीन तहको सरकार छ । यस्तो अवस्थामा केन्द्रीय सरकारको हालका २५ सदस्यीय मन्त्रीमण्डल नै धेरै ठूलो र खर्चिलो छ । यो संख्यालाई घटाएर बढीमा १५ सदस्यीय बनाइनु वैज्ञानिक हुन्छ । संघीय सरकारका मन्त्रालय मातहतका बढीमा ४५ विभाग र बढीमा २५/२८ स्थानमा मात्र संघीय डिभिजन कार्यालयहरुको व्यवस्था हुने गरी संविधानको संशोधन गरिनु आवश्यक छ ।

### सत्तासीन पार्टीको भूमिका

प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुने व्यवस्था बाहेकको अवस्थामा संसदीय प्रणालीबाट सांसद वा विज्ञहरु नै मन्त्रीहरु हुने पद्धतिलाई निरन्तरता दिएमा तपसिलको विधि अपनाउनु उचित हुन सक्छ । संघीय मन्त्रीमण्डलमा प्रत्येक प्रदेशबाट कम्तिमा एक जना हुनैपर्ने र ठूला प्रदेश वा प्रतिनिधित्व गर्ने प्रदेशहरुबाट कम्तिमा दुई जनाको प्रतिनिधित्व सुनिश्चित गरी सात प्रदेशका सत्तासीन दलको प्रदेश पार्टी कमिटीको सिफारिसमा केन्द्रीय पार्टी कमिटीको निर्णयबाट कम्तिमा ११ जना सांसदहरुबाट मन्त्री नियुक्त हुने व्यवस्था मिलाइनु पर्दछ । केन्द्रीय पार्टी कमिटीको निर्णयबाट ९ जना प्रतिनिधि सभा र राष्ट्रिय सभाका सांसदहरु मध्येबाट दुईजना मन्त्री नियुक्त हुने व्यवस्था गरिनु पर्दछ । साथै प्रधानमन्त्रीले आफ्नो स्वविवेकीय छनोटमा ३ जना सांसदबाट आफूखुशी मन्त्री नियुक्त गरी १५ सदस्यीय संघीय मन्त्रीमण्डलमा पार्टीहरुको स्पष्ट नेतृत्व निर्वाह हुनुपर्दछ ।

### प्रधानमन्त्रीलाई सरकार सञ्चालनमा अधिकार

मन्त्रीमण्डल गठनको प्रक्रिया अगाडि बढेपछि तोकिएका १४ जना सांसद सदस्यमध्ये मन्त्री पदको वरियता, विषय विभाग र कार्य जिम्मेवारी बाँडफाँड गर्ने अधिकार प्रधानमन्त्रीमा निहित हुनुपर्ने हुन्छ । सरकारका कामकारबाहीका विषयमा सत्तासीन पार्टीप्रति प्रधानमन्त्री तथा मन्त्रीहरुले सामूहिक जिम्मेवारी बोक्ने र जवाफदेही हुने नीति लिइनु पर्दछ । कारणवश कुनै मन्त्रीको प्रधानमन्त्रीसँग मत बाझिएमा उनलाई मन्त्रीमण्डलमा राखी रहने वा हटाउने भन्ने कुराको निर्णय गर्ने अधिकार प्रधानमन्त्रीमा निहित हुनुपर्नेछ । कथम् कदाचित सरकार बीचमा फेरबदल भएमा जुन विधिको कोटाबाट मन्त्री नियुक्त भएको हो, सोही तरिकाबाट नयाँ मन्त्रीहरु फेरबदल हुन सक्नेछन् । सरकारको सफलता र विफलताको पूर्णं जश अपजश भागीदार सत्तासीन पार्टी र प्रधानमन्त्रीको देश र जनताप्रति सामूहिक रुपमा हुनेछ ।




> नेपालमा तीन तहको सरकार छ । यस्तो अवस्थामा केन्द्रीय सरकारको हालका २५ सदस्यीय मन्त्रीमण्डल नै धेरै ठूलो र खर्चिलो छ । यो संख्यालाई घटाएर बढीमा १५ सदस्यीय बनाइनु वैज्ञानिक हुन्छ । संघीय सरकारका मन्त्रालय मातहतका बढीमा ४५ विभाग र बढीमा २५/२८ स्थानमा मात्र संघीय डिभिजन कार्यालयहरुको व्यवस्था हुने गरी संविधानको संशोधन गरिनु आवश्यक छ ।

### प्रदेश सरकार र मुख्यमन्त्रीको चयन प्रक्रिया

प्रदेश तहमा मुख्यमन्त्रीको चयन बहुमत प्राप्त पार्टीको केन्द्रीय कमिटीले तय गरेअनुसार गरिनुपर्दछ । मुख्यमन्त्रीको चयन केन्द्रीय सांसद वा प्रादेशिक सांसद दुवै मध्येबाट लिन सकिने हुनुपर्दछ । सत्तासीन पार्टीले आफ्ना नेताको उम्मेदवारको उपयुक्तताका आधार, अवसर उपलब्ध गराएको कारण र मुख्यमन्त्रीमा छनोट गर्ने सूचकहरुको व्यवस्था सबै सार्वजनिक गरिने विधि अवलम्बन गरिएको हुनु उचित र न्यायोचित हुनेछ ।

प्रदेशको भूगोल तथा जनसंख्या र सांसदहरुको कुल संख्याका आधारमा हालको २० प्रतिशत सदस्य मन्त्री बन्न सक्ने प्रावधान यथाशीघ्र संशोधन गरिनु वाञ्छनीय छ । प्रदेशको जनसंख्या तथा सांसदको संख्याको आधारमा कम्तिमा पाँच र अधिकतम आठ सदस्यीय प्रदेश सरकार मन्त्रीमण्डलको स्पष्ट व्यवस्था हुनुपर्दछ । मन्त्रीहरुको चयन स्वतन्त्र विषय विज्ञबाट गर्ने वा सांसदहरुबाट गर्ने भन्ने कुरा कानूनमा स्पष्ट हुनुपर्दछ ।

प्रदेश सरकारमा सहभागि हुने कुल सदस्य संख्याको ६० प्रतिशत प्रादेशिक संरचनाभित्रका भूगोल, जनसंख्या र समुदायको प्रतिनिधित्व यथासक्य समेटिने गरी प्रादेशिक पार्टी कमिटीको बहुमतको निर्णयबाट सिफारिस भएका सांसद वा विज्ञबाट हुनु पर्दछ । मन्त्रीण्डलका ४० प्रतिशत सदस्य प्रदेश सांसद वा विज्ञबाट मुख्यमन्त्रीको स्वविवेकीय छनोटबाट नियुक्त हुने व्यवस्था मिलाउनु प्रभावकारी हुन्छ । यसरी पार्टीबाट सिफारिस भएका सांसदहरुलाई मात्र मुख्यमन्त्रीले मन्त्री नियुक्त गर्ने व्यवस्था मिलाइनु पर्दछ ।

### मुख्यमन्त्रीलाई सरकार सञ्चालनमा अधिकार

प्रदेश मन्त्रीमण्डलमा मन्त्री पदको वरियता, विषय विभाग र कार्य जिम्मेवारी मुख्यमन्त्रीलाई आफ्नो सुविधाअनुसार तोक्ने अधिकार हुनुपर्दछ । गठित मन्त्रीमण्डलका सदस्यहरु मुख्यमन्त्रीसहित सरकारका कामकार्वाहीलाई लिएर पार्टीप्रति सामूहिक रुपमा जिम्मेवार हुनुपर्ने कानून बनाइनु पर्दछ । कथम्कदाचित बीचमा नै मन्त्रीमण्डल फेरबदल भएमा जुन विधिबाट मन्त्री बनेको हो, सो अनुसार फेरबदल हुने व्यवस्था गरिनुपर्दछ ।

### जिल्लाको राजनैतिक पुनर्संरचना र नेतृत्वको चयन

हालका ७७ जिल्लाका सट्टा केन्द्रीय निर्वाचन क्षेत्रलाई ११५ ओटा कायम गरेर जिल्ला विस्तार गरिनु पर्दछ । प्रत्येक जिल्ला तहमा जिल्लाका भौतिक तथा हर किसिमका विकास निर्माण तथा हरेक प्रशासनिक तथा जनप्रतिनिधिमूलक सहभागिताको कार्यको समन्वय गर्ने प्रयोजनका लागि अधिकार सम्पन्न जनप्रतिनिधिले नेतृत्व गर्ने संरचनाको व्यवस्था हुनु उचित हुन्छ । यसर्थ पूर्णंकालीन जिल्ला समन्वय प्रमुखको अधिकार सम्पन्न पद चाहिन्छ । जिल्ला समन्वय प्रमुखको योग्यता केन्द्रीय वा प्रादेशिक सांसदको योग्यता पुगेको जुनसकै नागरिक हुन सक्छ र पाँच वर्षका लागि प्रतिस्पर्धी भई छनोट हुन सक्छ ।

जिल्लाभित्रका सबै स्थानीय तहका वार्ड सदस्यदेखि उपप्रमुख र प्रमुख मतदाता हुने व्यवस्था गरिनु पर्दछ । यसरी निर्वाचित जिल्ला राजनीतिक प्रमुख अर्को स्थानीय तहको चुनाव भई अर्को प्रमुखको चुनाव नभएसम्म पदमा बहाल हुने पद्धति विकास गरिनु पर्दछ् । नेपालका ७७ जिल्लालाई ११५ केन्द्रीय निर्वाचन क्षेत्रका रुपमा विकास गरी जिल्ला तहमा पूर्णकालीन जनप्रतिनिधि जिल्ला समन्वय प्रमुख ११५ जना मात्र हुने व्यवस्था वैज्ञानिक हुन्छ ।

जिल्लाभित्रका सबै स्थानीय तहका प्रमुख र उपप्रमुखहरु जिल्ला समन्वय समितिका पदेन सदस्य हुने व्यवस्था हुनु पर्दछ र अर्को चुनाव हुने अवधिसम्म बहाल हुने व्यवस्था उचित हुन्छ । जिल्लामा समन्वय, सहकारिता र सहअस्तित्वको साथ काम गर्न सबै स्थानीय तहका पदाधिकारीहरु पदेन सदस्यहरु हुने व्यवस्था बढी प्रभावकारी हुने र अनावश्यक साधारण खर्चमा मितव्ययिता हुने देखिन्छ ।

### जिल्ला परिषद्को गठन र क्षेत्राधिकार

जिल्ला राजनीतिक प्रमुखको संयोजकत्वमा जिल्लाभित्रका सबै वडाध्यक्ष, वार्डसदस्यहरु र स्थानीय तहका प्रमुख र उपप्रमुखहरु सदस्य रहेको जिल्ला समन्वय परिषदको व्यवस्था हुनु पर्दछ । सबै स्थानीय जनप्रतिनिधिहरु पदेन सदस्य हुनेछन् र प्रादेशिक तथा संघीय सांसदहरु आमन्त्रित सदस्य हुनेछन् ।

जिल्ला समन्वय परिषद्को कार्यक्षेत्रमा वर्षको एक पटक अनिवार्य परिषद बैठक बसाल्नु हुनेछ । परिषदका निर्णय बमोजिम जिल्लाका योजनाहरु प्रदेश र केन्द्र सरकारमा प्रस्तुत गरिनेछन् । संघ सरकार र प्रदेश सरकारले परिषदको सिफारिस अनुमोदन गरेपछि मात्र ती योजनाहरु स्थानीय तहमा कार्यान्वयन गरिनेछन् ।

### स्थायी संयन्त्रको संरचना

प्रदेश सरकारको मुख्य मन्त्रीको कार्यालयमा संघीय निजामती सेवाका विशिष्ट श्रेणीका पदाधिकारी सदस्य सचिव हुनेछन् । जिल्ला समन्वय समितिमा संघीय सरकारका सहसचिव वा उपसचिव प्रशासकीय प्रमुख हुनेछन् । स्थानीय तह तथा प्रदेशमा आपसमा सरुवा बढुवा तथा कार्यजिम्मेवार फेरबदल हुने गरी प्रदेश सेवाका कर्मचारीहरु प्रदेश मन्त्रालयहरुको नेतृत्व गर्न तथा स्थानीय सेवाका प्रशासनिक उच्चतम पदाधिकारीको हैसियतमा पुग्ने गरी विगतको त्रुटिपूर्ण कर्मचारी समायोजन सच्याएर संघीयतालाई बलियो बनाउने व्यवस्थाको संविधान तथा कानून परिमार्जन आवश्यक हुनेछ ।

माथिका सबै पक्षको विश्लेषण तथा मनन्ले संघीयतालाई सुरक्षा गर्ने हो भने संविधान तथा विविध कानून संशोधन र राजनीतिक तथा प्रशासनिक नवीन धारणा मुलुकलाई अति आवश्यक छ ।

***(लेखक पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव हुन् ।)***

# राजनीतिमा व्यक्तिवाद

*नेपालको कम्युनिस्ट आन्दोलनमा मूलत: नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा सञ्चालन गरिएको महान् दस वर्षे जनयुद्धको समयमा नेतृत्व केन्द्रीकरणका नाममा श्रद्धावाद र व्यक्तिपूजालाई बढी प्रयोग गरिएको थियो । यतिसम्म कि मालेमावादको विकासको नाममा 'प्रचण्डपथ' को माओवादी अध्यक्ष प्रचण्डलाई 'प्रचण्डपथ' को पगरी गुथाइएको थियो ।*



● हस्तबहादुर केसी

व्यक्तिपुजा गर्ने विषय व्यक्तिको संस्कारगत प्रवृत्तिसँग जोडिएको हुन्छ । व्यक्तिको विश्वदृष्टिकोणसँग जोडिएको हुन्छ । कुनै वरिष्ठ नेता वा व्यक्तिको अन्धभक्ति, उसका गुरुहरुको अतिशयोक्तिपूर्ण मूल्यांकन, ऐतिहासिक व्यक्तित्वको आवश्यकताभन्दा बढी सम्मान र प्रशंसा गर्ने कुरामा जोड दिने प्रवृत्ति नै व्यक्ति पूजावादी प्रवृत्ति हो । यो व्यक्तिवादको चरम रुप हो । व्यक्ति पूजावादी प्रवृत्तिको दार्शनिक, सैद्धान्तिक आधार आदर्शवादी (आध्यात्मवादी) र संकल्पवादी विश्वदृष्टिकोण हो । यसले व्यक्तिका नकारात्मक पक्षहरू लुकाउने, सकारात्मक पक्षहरुलाई मात्रै देखाउन जोड दिने काम गर्दछ । इतिहासका निर्माता जनता हुन्, सर्वसाधारण जनता हुन् भन्ने कुरा भुलेर, इतिहासका वस्तुगत नियमहरुमाथि पर्दा हालेर महापुरुषहरुले इतिहासको निर्माण गर्छ भन्ने धारणा फैलाउछ ।

